"प्राकृतिक सम्पदा युक्त हराभरा सहर, सम्पुर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- २०७९/०८०
चलानी नम्बर :- ९२०

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**बिज्ञ सल्लाहकार पदपूर्ति गर्ने सम्बन्धी सूचना।**

( प्रकाशित मितिः २०७९/०४/१८)

परशुराम नगरपालिका अन्तर्गत **बिज्ञ** सल्लाहकार १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७ (सात) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको बैङ्क भौचर सहित यस नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १ | ०१/२०७९/०८० | **बिज्ञ सल्लाहकार** | १ जना |

**१.आवश्यक न्यूनतम योग्यत :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट समाजशास्त्र /ग्रामीण विकास / अर्थशास्त्र / दिगो विकास वा सो सरहको कुनै विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तिर्ण गरेको ।

**२.कार्य अनुभव :-** परियोजना/कार्यक्रम डिजाइन र विकासमा कम्तिमा १० वर्षको अनुभव सहित विकास क्षेत्रमा ७ वर्षको अनुभव भएको साथै नेपालको वर्तमान विकास अभ्यासहरू, नीतिहरू र संगठनहरूसँग परिचित भएको, शिक्षा, स्वास्थ्य, जीविकोपार्जन सुरक्षा, खानेपानी तथा सरसफाइ, बाल संरक्षण, सामाजिक सुरक्षा, युवा विकास, उद्यमशीलता विकास र विपद् जलवायु परिवर्तनका क्षेत्रमा अनुभव भएको हुनुपर्ने ।

- दिगो विकासका लागि नवीन दृष्टिकोणहरू खोज्न आन्तरिक तथा बाह्य श्रोत साधनको साथै स्वदेशी तथा विदेशी प्रविधिको खोजी गर्ने र विकासको गतिलाई तिव्रता दिन नगरपालिकालाई आवश्यक सल्लाह र सुझाव दिनसक्ने ।
- अनुगमन र मूल्याङ्कन प्रणालीको संस्थागत विकासका लागि नगरपालिकालाई सल्लाह दिन सक्ने ।
- योजना कार्यान्वयन, अनुगमन मूल्याङ्कन र प्रतिवेदन लेखनमा **राम्रो** ज्ञान र अनुभव भएको हुनुपर्ने ।
- कम्प्यूटर सम्बन्धी ज्ञान भएको, नेपाली र अग्रेजी दुबै भाषामा प्रस्तावना तथा प्रतिवेदन तयार गर्ने सक्ने अनुभव भएको।

**३.दरखास्त दिने स्थानः-** परशुराम नगरपालिका नगरकार्यपालिकाको कार्यालय, जोगबुडा डडेल्धुरा।

**४.दरखास्त दिने अन्तिम मितिः-** २०७९/ ०४/ २४ गते कार्यालय समय भित्र।

**५.आवेदनको दस्तुरः-** रु. १०००/- (एक हजार मात्र)

**६.छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन एवं प्रयोगात्मक र मौखीक परीक्षा।

**७.आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु पेश गर्नुपर्ने।

क) नेपाली नागरिकता ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र ग) चारित्रिक प्रमाणपत्र घ) तालिमको प्रमाणपत्र
ङ) अनुभव भए सोको कागजात च) २ प्रति पासपोर्ट साइजको फोटो

**८.सेवा सुविधा :-** नगरपालिकाले तोके बमोजिम हुनेछ।

**नोट : दरखास्त फारम नगरपालिकाको वेवसाईट www.parshurammun.gov.np बाट उपलब्ध हुनेछ।)**

तारानाथ पनेरु
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

फोनः ०९६४११००४, फ्याक्सः ०९६४११००४
ईमेलःparshurammun@gmail.com, वेवसाइटः http://www.parshurammun.gov.np